# शान्तिनगर गाउंपालिका
# गाउंकार्यपालिकाको कार्यालय
चिराघाट,दाङ
**लुम्बिनी प्रदेश,नेपाल**

**पशुपंक्षि औषधि, खोप तथा औषधिजन्य सामाग्री खरिद सम्बन्धि शिलबन्दि दरभाउपत्र आब्हवानको सुचना !**

**दोस्रो पटक सुचना प्रकाशित मिती २०७९/११/११ गते**

यस शान्तिनगर गाउपालिका दाङ अन्तर्गतका पशसेवा शाखाबाट निशुल्क पशु स्वास्थ्य शिविर, खोप शिविर तथा नियमित डिस्पेन्सरी सञ्चालनका लागी आवश्यक पर्ने पशुपंक्षि औषधि, खोप तथा औषधिजन्य सामाग्रीहरू शिलबन्दि दरभाउपत्र द्वारा खरिद गर्नु पर्ने भएको हुँदा योग्यता पुगेको ईच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/सप्लायर्स/ब्याबसायीहरू बाट निम्न सर्तको अधिनमा रहि शिलबन्दि दरभाउपत्र पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरू</u>

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र यस शान्तिनगर गाउँपालिकाको कार्यालय दाङवाट प्रत्येक शिलबन्दि दरभाउपत्र फारामका लागी रु १०००।०० (अक्षरुपी एक हजार मात्र) शिलबन्दि दरभाउपत्र खरिद दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) दरभाउपत्र खरिद गर्ने निवेदनका साथ नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, औषधि व्यवस्था विभागको इजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता तथा स्थायी लेखा प्रमाणपत्र, र आ.व. ०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी, खरिद गर्नुपर्नेछ ।

२. खरिद भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० वजे भित्र यस कार्यालयको नाममा सम्वोधन गरि कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई आधिकारीक सहि र फर्मको छाप लगाई यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. आवश्यक रित पुचाई निर्धारित समयमा दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा शान्तिनगर गाउँपालिकाको कार्यालयमा खोलिनेछ तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

४. दरभाउपत्रदाताले तोकिए बमोजिम धरौटी रकम नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर ४ जुम्लेकुला स्थीत शान्तिनगर गाउपालिकाको कार्यालयको नाममा रहेको बैंक धरौटी खाता नं. ०७७०१४००२५००३० मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको दरभाउपत्र खोलिने अन्तिम मितीले ७५ दिन म्याद भएको बैकं ग्यारेण्टी पेस गर्नुपर्ने छ ।

५. दरभाउपत्र खरीद तथा दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फारम अर्को ब्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

६. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रूपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा सहीछाप गरेकको हुनुपर्नेछ ।

७. औषधि खरिद गर्दा Certified Company बाट उत्पादित औषधिमात्र खरिद गरिनेछ । बोतलमा सप्लाईहुने औषधिहरू प्लास्टिक बोतलमा र बोलसहरू/ट्याब्लेट स्ट्रिपमा हुनुपर्नेछ । सप्लाईहुने औषधिहरूको प्रत्येक प्याकिङको बाहिर बोतल र बोलसहरू/ट्याब्लेट हरूको स्ट्रिपमा उत्पादन मिती, म्याद गुज्रने मिति, ब्याच नं. लेखिएको हुनुपर्नेछ ।

८. औषधि दाखिलाहुन आउदा सम्म औषधिको म्याद कम्तिमा २५% बाँकी हुनुपर्नेछ ।

९. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.ब.को लागि भएकोले २०७९ अषाढ मसान्त सम्म कुनै प्रकारको मुल्य बृद्धिलाई स्विकार गर्न सकिनेछैन ।

१०. दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. दरभाउपत्र फारमको साथमा फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता तथा स्थायी लेखा नं दर्ता पमाण पत्र, आ.व २०७७।७८को कर चुक्ता प्रमाणपत्र, औषधि व्यवस्था विभागको ईजाजत पत्र आदि प्रमाणहरू पनि पेश गरेको हुनुपर्नेछ । यसरी सम्पुर्ण बिबरण पेश नभएको फर्मको बोलपत्र मूल्याङ्कन प्रकृयामा समाबेश गरिनेछैन ।

१२. सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कारबाहिमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको पेशा वा ब्यबसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रूपमा स्वयं घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।

१३. यस सुचनामा छुटहुन गएका अन्य कुराहरू सार्बजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली,, २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।

| सि.नं. | दरभाउपत्र नं. | कामको बिबरण | अनुमानित ल.ईअ.(भ्याट सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | 22/SRM/SQ /078/79 | पशुपंक्षि औषधि, खोप तथा औषधिजन्य सामाग्री खरिद | १४०००००।०० | ४२०००।०० | |

प्रमुख प्रशासकिय अधिकृत